# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

भीमसेन माध्यमिक विद्यालय, साँगाकोट, सिन्धुपाल्चोकका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम कार्कीले एस.एल.सी.पासको नक्कली प्रमाण-पत्र पेश गरी नियुक्त भएकोले शैक्षिक योग्यताको प्रमाण-पत्र छानबिन गरी पाउँ भन्ने व्यहोराका उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज पुरुषोत्तम के.सी.(कार्की क्षेत्री)ले माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसी, भारतबाट प्राप्त गरेको एस.एल.सी. तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उक्त विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष पदमा बहाल रहेकोले निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता